# नेपाल दूरसञ्चार प्राधिकरण

जमल, काठमाडौं

# दूरसञ्चार सेवामा प्रयोग हुने Short Code र टोल फ्रि नम्बर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

# दूरसञ्चार सेवामा प्रयोग हुने Short Code व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

**निर्णय मिति**

| | |
|---|---|
| **संशोधन** | २०७७/०५/०१ |
| १. दूरसञ्चार सेवामा प्रयोग हुने Short Code र टोल फ्रि नम्बर व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८ | २०७८/१२/११ |

**प्रस्तावनाः** सिमित श्रोतको रुपमा रहेको नम्बरको समुचित एवं अधिकतम प्रयोग गरी सेवाग्राहीलाई सेवा प्रदायकहरुबाट प्रदान हुने दूरसञ्चार सेवाहरु सहज रुपमा प्रयोग हुने उद्देश्य प्राप्तिका लागि दूरसञ्चार सेवामा प्रयोग हुने Short Code व्यवस्थापन गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "दूरसञ्चार सेवामा प्रयोग हुने Short Code व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "टोल फ्रि" भन्नाले उक्त नम्बरको स्वामित्वकर्ता स्वयंले नै सम्पूर्ण खर्च (आगमन कल सहितको) व्यहोर्ने गरी प्रदान गरिने नम्बर सम्झनुपर्छ ।

(ख) "नम्बर" भन्नाले दूरसञ्चार सेवामा प्रयोग हुने अद्धितीय (Unique) संकेत (Number) सम्झनुपर्छ।

(ग) "प्राधिकरण" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण सम्झनुपर्छ ।

(घ) "सेवा प्रदायक" भन्नाले प्राधिकरणबाट दूरसञ्चार ऐन ,२०५३ वमोजिम Voice सेवा संचालन गर्न

अनुमतिपत्र प्राप्त गरेको संस्था सम्झनुपर्छ।

(ङ) "Short Code" भन्नाले ३ वा ४ वा ५ अंकको नम्बर सम्झनुपर्छ ।

३. **<u>Short Code र सोको प्रयोग हुने सेवाहरु:</u>** Short Code र सोको प्रयोग गरी संचालन गर्न सकिने सेवाहरु देहाय बमोजिम हुनेछन् ।

(क) तीन (३) अंकको Short Code अत्यावश्यक आकस्मिक सेवाहरुको लागि ।

(ख) चार (४) अंकको Short Code जनतासंग प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकारका विभिन्न निकाय एवं संवैधानिक निकायहरुले प्रदान गर्ने सेवाहरुको लागि ।

(ग) पाँच (५) अंकको Short Code सेवा प्रदायकहरुलाई अन्य अतिरिक्त (Value Added) सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि ।

**(घ)✂.........................................................................................................।**[1]

४. **<u>तीन (३) अंकको Short Code वितरण सम्बन्धमा</u>**: (क) तीन (३) अंकको Short Code आकस्मिक सेवाहरु (जस्तैः प्रहरी, वारुणयन्त्र, एम्बुलेन्स) को लागि मात्र उपलब्ध गराईनेछ । यस प्रकारको सेवा निःशुल्क उपलब्ध हुनेछ ।

*<u>**तर, "यस कार्यविधि लागू हुनु अगावै वितरण गरिएको ३ अंकको व्यवस्था पूर्व निर्णय/शर्त वमोजिम नै सञ्चालन हुनेछन्**</u> ।[2]

(ख) आकस्मिक सेवाहरुमा सबै नागरिकहरुको पहुँचको सुनिश्चितता गर्नको लागि सबै सेवा प्रदायकहरुले अन्तरआबद्धता (Interconnection ) को व्यवस्था गर्नु पर्नेछ ।

---

✂पहिलो संशोधनद्वारा हटाइएको।[1]

*पहिलो संशोधनद्वारा थप गरिएको।[2]

## ५. <u>चार (४) अंकको Short Code वितरण सम्बन्धमा:</u>

(क) चार (४) अंकको Short Code टोल फ्रि जनतासंग प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकारका विभिन्न निकाय एवं संवैधानिक निकायहरुले प्रदान गर्ने सेवाहरुको लागि मात्र उपलब्ध गराईनेछ ।

(ख) चार (४) अंकको Short Code टोल फ्रि सेवाको रुपमा प्रयोग गर्न नेपाल सरकारका विभिन्न निकाय एवं संवैधानिक निकायहरुले प्राधिकरणमा आवेदन दिन सक्नेछन् । प्राधिकरणले यस्तो आवेदनको अध्ययन गरी नम्बरको उपलब्धता हेरेर नम्बर उपलब्ध गराउन सक्नेछ ।

(ग) चार (४) अंकको Short Code नम्बर निजी क्षेत्रका संस्थाहरुले प्रयोग गरिरहेको भए यो कार्यविधि लागू भएको छ महिना भित्र उक्त नम्बर प्राधिकरणले फिर्ता लिनेछ र त्यस्ता संस्थाहरुलाई एघार (११) अंकको टोल फ्रि नम्बर उपलब्ध गराईनेछ ।

(घ) नेपाल सरकारका विभिन्न निकाय एवं संवैधानिक निकायहरुले प्रदान गरेको चार (४) अंकको Short Code टोल फ्रि (Toll Free) सेवाहरुमा सबै नागरिककहरुको पहुँचको सुनिश्चितता गर्नको लागि सबै सेवा प्रदायकहरुले अन्तरआवद्धता (Interconnection) को व्यवस्था गर्नु पर्नेछ।

६. **<u>पाँच (५) अंकको Short Code वितरण सम्बन्धमा:</u>** SMS, IVR, USSD लगायतका अन्य माध्यमहरु मार्फत संचालनमा आउने अन्य अतिरिक्त (Value Added) सेवाहरुको लागि पाँच (५) अंकको Short Code प्रदान गरिने छ । अतिरिक्त सेवामा प्रयोग हुने नम्बरहरु र यसको प्रयोग सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

**(क) आन्तरिक संजाल (Intra Network) भित्र प्रयोग हुने नम्बर र सोसँग सम्बन्धीत सेवाका सम्बन्धमा:**

(१) आन्तरिक संजाल भित्र प्रयोग हुने नम्बरको ढाँचा निम्नानुसार हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १ | Z | Z | Z | Z |

Where, Z denotes subscriber numbers.

📖[3] <u>(२) सेवा प्रदायकले आफ्नो नेटवर्क मात्र प्रयोग गरी सञ्चालन गर्न चाहेको सेवाको विस्तृत विवरण समेत खुलाई अनसूची-१ बमोजिमको ढाँचामा उक्त सेवा सञ्चालनको लागि प्राधिकरणमा आवेदन दिनुपर्नेछ ।</u>

(३) सेवा प्रदायकले यस अघिदेखि सञ्चालनमा रहेका Short Code र सम्बन्धित सेवाहरु समेत खुलाई प्राधिकरणमा जानकारी गराउनु पर्नेछ | यदि ४ अंकको Short code प्रयोग गरिदै आएको भएमा सोलाई ५ अंकमा परिवर्तन गर्नु पर्नेछ।

(४) ग्राहकको सहजताको लागि आधारभूत रुपमा प्रयोग हुने सेवाहरुको लागि सबै सेवा प्रदायकहरुले एकै किसिमका तपशील बमोजिमका USSD नम्बर प्रयोग गर्नुपर्ने छ।

| सेवा | USSD |
|---|---|
| Balance Recharge | 122 |
| Balance Transfer | 133 |
| Balance Inquiry | 144 |

(५) सेवा प्रदायकहरुले उपरोक्त व्यवस्था यो कार्यविधि लागू भएको ६ महिना भित्र कार्यान्वयन गरि सक्नु पर्नेछ।

(६) सेवा प्रदायकले यो कार्यविधि लागू हुनु अघि सञ्चालन गरेको नम्बरको व्यवस्था र यस कार्यविधिमा उल्लेख भएको व्यवस्था समानान्तर रुपमा सञ्चालन गर्न सक्नेछन् ।

(७) यो कार्यविधि लागू भएको १ बर्षपछि कार्यविधिमा उल्लेखित व्यवस्था मात्र लागू गर्नु पर्नेछ ।

**(ख) <u>तेश्रो (Third Party) ले प्रयोग गर्ने नम्बर र सोसँग सम्बन्धीत सेवाका सम्बन्धमाः</u>**

(१) तेश्रो पक्ष (Third Party) ले प्रयोग हुने नम्बरको ढाँचा निम्नानुसार हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ३ | Z | Z | Z | Z |

📖पहिलो संशोधनद्वारा संशोधित।[3]

Where, Z denotes subscriber numbers.

(२) अन्य अतिरिक्त सेवा (Value Added Service) प्रदायकहरुलाई Short Code को आवश्यकता परेमा सम्बन्धित सेवा प्रदायक मार्फत कुन सेवाको लागि के कति समयावधिको लागि आवश्यक परेको हो सो समेत खुलाई अनुसूची-१ वमोजिमको ढाँचामा प्राधिकरणमा आवेदन दिनु पर्नेछ । प्राधिकरणले एकै प्रकारको सेवाको लागि सम्बन्धित अन्य अतिरिक्त सेवा (Value Added Service) प्रदायकलाई उक्त सेवाको लागि जुनसुकै दूरसञ्चार सेवा प्रदायक भएता पनि सकेसम्म एउटै नम्बर उपलब्ध गराईने छ ।

(३) सेवा प्रदायकले ५ अंकको नम्बर उपलब्ध गराउँदा नम्बर उपलब्ध गराए बापत छुट्टै शुल्क लिन पाउने छैनन्।

(४) ५ अंकको नम्बर प्रयोग गरी सञ्चालन हुने सेवाहरुको महशुल दर प्राधिकरणबाट स्वीकृत गर्नु पर्नेछ ।

📖[4]७. **एघार (११) अंकको टोल फ्रि नम्बरका सम्बन्धमा:**

(क) कुनै पनि संस्थाले आफ्नो ग्राहकहरुलाई जानकारीमूलक सेवा प्रदान गर्नको लागि Toll Free Number (टोल फ्रि नम्बर) प्रयोग गर्न सक्नेछ ।

(ख) राष्ट्रिय र अन्तर्राष्ट्रिय टोल फ्रि सेवाको लागि फरक फरक नम्बरिङ्ग रेन्जको व्यवस्था हुनेछ ।

**(१) राष्ट्रिय टोल फ्रि नम्बर:** यो टोल फ्रि सेवा नेपालमा रहेका जुनसुकै निकायहरुले आफ्नो ग्राहकहरुलाई सेवा प्रदान गर्नको लागि प्रयोग गर्न सक्नेछन् र यस प्रकारको सेवाको लागि तालिका नं. १ मा उल्लेख गरे बमोजिम Numbering Range को व्यवस्था हुनेछ ।

तालिका नं. १

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | १ | ० | X | Z | Z | Z | Z | Z | Z |

📖पहिलो संशोधनद्वारा संशोधित।[4]

Where, X denotes operator code
Z denotes subscriber numbers.

(२) **अन्तर्राष्ट्रिय टोल फ्रि नम्बरः** यो टोल फ्रि सेवा कुनै पनि अन्तर्राष्ट्रिय संघ/संस्थाले नेपालमा रहेका आफ्ना ग्राहकहरुलाई सेवा प्रदान गर्नको लागि प्रयोग गर्न सक्नेछन र यस प्रकारको सेवाको लागि तालिका नं. २ मा उल्लेख गरे बमोजिम Numbering Range को व्यवस्था हुनेछ ।

तालिका नं. २

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | ० | ० | Z | Z | Z | Z | Z | Z | Z |

Where, Z denotes subscriber numbers.

(ग) एक सेवा प्रदायकको ग्राहकले अर्को सेवा प्रदायकले प्रदान गरेको टोल फ्रि नम्बरमा सम्पर्क गर्न मिल्ने गरी आवश्यक Interconnection को व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

(घ) टोल फ्रि नम्बर सञ्चालन गर्न चाहने व्यक्ति/संस्थाले सेवा प्रदायक समक्ष आफ्नो प्रस्तावित सेवाको सम्पूर्ण विवरण सहित आवेदन दिनु पर्नेछ । संस्थाले पेश गरेको आवेदन अध्ययन गरी सेवा प्रदायकले ११ अंकको टोल फ्रि नम्बर उपलब्ध गराउन सक्नेछ । सेवा प्रदायकले उपलब्ध गराएको टोल फ्रि नम्बर सेवाको विवरण सहित प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ ।

८. **विवरणहरु अद्यावधिक गर्ने सम्बन्धमाः** दूरसञ्चार सेवा प्रदायकहरुले यो कार्यविधि लागू भएको एक महिना भित्र र तत्पश्चात प्रत्येक आर्थिक बर्षको श्रावण १५ र माघ १५ भित्र आफुले प्रयोग गरिरहेको Short Code र टोल फ्रि नम्बरहरु र त्यसको प्रयोग सम्बन्धी सम्पूर्ण विवरणहरु प्राधिकरणलाई उपलब्ध गराउनुपर्ने छ ।

९. **अनुगमन तथा निरीक्षणः** सेवा प्रदायकहरुले यस कार्यविधि बमोजिम कार्य गरे नगरेको सम्बन्धमा

प्राधिकरणले समय समयमा अनुगमन तथा निरीक्षण गर्नेछ ।

१०. **<u>विविधः</u>** सेवा प्रदायकहरुले नेपाल सरकारको तर्फबाट Short Message Services (SMS) प्रसारण गर्दा ग्राहकको उपकरणमा देखिने प्रेषकको विवरणमा "नेपाल सरकार" देखिने व्यवस्था गर्नुपर्नेछ ।

११. **<u>कार्यविधिको कार्यन्वयन एवं व्याख्या गर्न सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयन एवं व्याख्यामा समस्या वा द्विविधा उत्पन्न भएमा प्राधिकरणको निर्णय अन्तिम हुनेछ ।

१२. **<u>संशोधन सम्बन्धी व्यवस्थाः</u>** प्राधिकरणले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

**Annex-1**

**Format of Application Form for Short Code**

To,

The Nepal Telecommunication Authority (NTA),

……………………………

I, hereby, submit an application to obtain the short code/s as per the following details:

**A. Applicant Details:**

Name of Operator:

Address:

P.O. Box No.:

Telephone No.:

Fax No. :

**Contact Person Name:**

Telephone No.:

Email Address:

**Third Party Information (if applicable):**

Name of Third Party/VAS Operator:

Address:

P.O. Box No.:

Telephone No.:

Fax No. :

Proposed Service Details:

**B. Service and** Number Details:

Name of the planned service(s): ________________________________

Description of the planned service(s): __________________________

Duration of usage plan/planned service(s):_____________________

Proposed Tariff Rate: __________________________________________

Proposed Short Code (if any):__________________________________

Signature of the Applicant: _______________

Name:__________________________________

Designation:____________________________

Company Name: _________________________

Date:____________________________________

| Company Seal |
|---|
| |